
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क २६२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असोज १६ गते मंगलबार ❑ 3 Oct. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## भ्रष्टाचारविरुद्धको अनुसन्धानमा सरकारलाई सघाउँछौँ : महासचिव पोखरेल

**पोखरापत्र संवाददाता**
पोखरा, १५ असोज

नेकपा (एमाले)का महासचिव शंकर पोखरेलले भ्रष्टाचारविरुद्धको अनुसन्धानमा सरकारलाई सहयोग गर्न आफ्नो पार्टी तयार रहेको बताउनुभएको छ।

सो पार्टीको गण्डकी प्रदेशको प्रथम अधिवेशनको सोमबार पोखरामा उद्घाटन गर्दै उहाँले एमालेकै दबाबमा सुन तस्करी प्रकरणको अनुसन्धानका लागि उच्चस्तरीय छानबिन आयोग गठन भएको दाबी गर्नुभयो । देशमा छाएको आर्थिक मन्दीका कारण उद्योगी तथा व्यवसायी समस्यामा परेर निरुत्साहित हुने अवस्था आएको उहाँको भनाइ छ। उहाँले एमाले नेतृत्वमा सरकार छँदा उच्च अंकको आर्थिक वृद्धि भएको समेत बताउनुभयो । "अहिले जनताको जीवन असहज बनेको छ, व्यापार व्यवसाय ठप्प छन् । उद्योगी व्यवसायी संकटमा परेका छन् । सरकारले त्यसतर्फ ध्यान दिएका छैन", पोखरेलले भन्नुभयो। अध्यारो कोठामा बजेट बनेको दलाल नोकरसाहको पक्षमा सरकारले काम भएको प्रचण्ड र शेर बहादुरको तष्करतन्त्रको पक्षमा काम गरेको उहाँको आरोप थियो । एयरपोर्टमा सुन समातिदा सत्ता पक्षका अनुहारमा मलिन हुने गरेको बताउदै महासचिव



पोखरेलले हरेक घटनालाई छानविन गर्न माग गर्दै राम्रोसंग छानविन भएमा सत्ता पक्षका नेताहरु नै जेल जाने उहाँको दाबी थियो । एमाले उपमहासचिव पृथ्वीसुब्बा गुरुङले पार्टी अध्यक्षमा अझै १० वर्षसम्म केपी शर्मा ओलीको विकल्प नरहेको दाबी गर्नुभयो । उहाँले भन्नुभयो, "म यहीँबाट घोषणा गर्छु, यो पार्टीमा अझै १० वर्ष केपी शर्मा ओलीको नेतृत्वको विकल्प छैन । पार्टीमा अहिले एउटै केन्द्र छ । जसका कारण एमालेले सबै पालिकामा एकैपटक अधिवेशन गर्न सफल भयो, यो पार्टीमा एकीकृत र केन्द्रिकृत नेता हुँदाको परिणाम हो ।" उपमहासचिव गुरुङले नयाँ राजनीतिक दलसँग कुनै योजना, दर्शन र कार्यक्रम नरहेको जिकिर गर्नुभयो । एमालेका सचिव तथा गण्डकी प्रदेश ईञ्चार्ज गोकर्ण विष्टले युवाशक्ति देश छाडेर गइरहेकोमा चिन्ता व्यक्त गर्नुभयो। कार्यक्रममा पार्टीका स्थायी कमिटी सदस्य एवं गण्डकी प्रदेशका निर्वतमान मुख्यमन्त्री खगराज अधिकारी, पार्टीका केन्द्रीय सचिव पद्मा अर्याल, केन्द्रीय सदस्य एवं कास्कीका इन्चार्ज थममाया थापा, प्रदेश कमिटीका अध्यक्ष नवराज शर्मा, उपाध्यक्ष मोहन रेग्मी लगायतले पार्टीलाई एकताबद्ध बनाउँदै आगामी निर्वाचनको तयारीमा लाग्नुपर्नेमा जोड दिनुभयो।

एमाले गण्डकीको अधिवेशन मंगलबारसम्म चल्नेछ। अधिवेशनको दोस्रो दिन बन्द सत्र तथा नयाँ नेतृत्व चयन हुनेछ । अधिवेशनमा गण्डकी प्रदेशका ११ जिल्लाका नौ सय सात प्रतिनिधि सहभागी भएको एमाले गण्डकीका उपसचिव एवं प्रचारप्रसार उपसमिति संयोजक रश्मी आचार्यले जानकारी दिनुभयो । यस अघि पोखराका विभिन्न ठाँउबाट र्‍याली प्रर्दशन गरिएको थियो। कार्यक्रममा विभिन्न सांस्कृतिक कार्यक्रम समेत प्रस्तुत गरिएको थियो ।

## पोखराको रामघाटमा व्यवसायिक रुपमा सुरु भयो ड्रागन फ्रुट खेती

**पोखरापत्र संवाददाता**
पोखरा, १५ असोज

पोखराको रामघाट क्षेत्रमा व्यवसायिक रुपमा ड्रागन फ्रुट खेती गर्न सुरु गरिएको छ । पुन समाज पोखराको व्यवस्थापनमा पोखराको रामघाट क्षेत्रमा २०७७ साल देखि ड्रागन फ्रुट खेती गर्न सुरु गरिएको पुन समाज नेपालका संस्थापक तथा उक्त ड्रागन फ्रुट खेतीका संयोजक राजकुमारी पुनले बताउनु भयो।

विगत साँढे दुई बर्ष अघि देखि सुरु भएको उक्त ड्रागन फ्रुट खेती १६ महिना देखि उत्पादन हुन थालेको हो। आफ्नो फार्ममा उत्पादन भएको ड्रागन फ्रुट लट लटमा टिप्ने गरेको बताउदै उहाँले यस बर्ष सोमबार पाँचौ पटक टिपिएको जनाउनु भयो । अघिल्लो बर्षमा करिब ३ लाख मुल्य बराबरको ड्रागन फ्रुट बिक्रि गरेको समाजले यस बर्ष करिब १० लाखसम्मको ड्रागन फ्रुट बिक्रि गर्ने लक्ष्य राखेको छ। गाई भैसीको मल सहित नितान्त अर्गानीक रुपमा उत्पादन भएको रातो जातको ड्रागन फ्रुट हालसम्म आफुहरुलाई बजारको भने कुनै समस्या नै नभएको संयोजक पुनले बताउनु भयो।

फोहोर फाल्ने डम्पीङ साइड जस्तो झाडीले ढाकिएको क्षेत्रमा आफुहरुले धेरै मेहनत गरी सो क्षेत्रमा हाल ड्रागन फ्रुट खेत गरिएको समाजका कोषाध्यक्ष शेरबहादुर पहरे पुनले बताउनु भयो । उहाँको अवधारणामा समाजका अध्यक्ष पुन,



सदस्य गमबहादुर गर्बुजा लगायतको सक्रियतामा उक्त अभियानमा हाल ४३ जना आबद्ध हुनु भएको छ । चौथो पटक समाजले ३ सय ३४ केजी ड्रागन फ्रुट उत्पादन गरेको थियो । पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको पश्चिम पट्टि सेतीनदी नजिक रामघाट क्षेत्रमा समाजमा ६ रोपनी क्षेत्रफलको जमिनमा उक्त ड्रागन फ्रुटको व्यवसायिक रुपमा खेती भएको हो। ४३ जनाको प्रति व्यक्ति एक लाखको दरबाट ४३ लाखकै विउ पूजिबाट सुरु भएको उक्त अभियानमा हालसम्म करिब ३७ लाख खर्च भएको समाजे जनाएको छ । हाल ६ रोपनी क्षेत्रफलमा सम्माउदा बढी खर्च भएको समाजले जनाएको छ। उक्त फार्ममा हाल ५ सय वटा पिल्लरमा २ हजार ड्रागन फ्रुटका बिरुवा रोपिएको छ । प्रति पिल्लर नजिक पारी ४ वटा बिरुवा रोपीएको छ । भेतनामबाट आयात गरिएको तर चितवनको गंगा श्री बहुउद्देश्यीय फार्म भरतपुरबाट (पदम बहादुर गुरूङ) बाट उक्त विरुवाहरु खरिद गरी व्यवसाय सुरु भएको अध्यक्ष पुनले जनाउनु भयो । उक्त ड्रागन फ्रुड राती फुल्ने हुदा यसलाई रातको रानी समेत भन्ने गरिन्छ । धेरै जना बृटिस र भारतीय आर्मीका रिटायर्डहरू आबद्ध रहेको समाजको उक्त अभियानले पोखरामा सर्वसुलभ मुल्यमा ड्रागन फ्रुट उत्पादन गर्न समाजले निःशुल्क प्रशिक्षण कार्यक्रम समेत गर्ने योजनामा रहेको छ।

समाजका कोषाध्यक्ष शेरबहादुर पहरे पुन, सदस्य गमबहादुर गर्बुजा अवधारणामा सुरू भएको अभियानमा क्याप्टेन बलबहादुर पुनको डिजाईनमा एक पोल देखि अर्को पोलसम्म २ मिटर चौडाई र लम्वाई ३ मिटर रहेको छ। हालसम्म उक्त फलको बजारको समस्या नभएको बताउदै पूर्व आर्मी खमबहादुर पूर्जा पुनले वेलायतसम्म आफुहरुले उत्पादन गरेको ड्रागन फ्रुट पुग्न थालेको बताउनु भयो । हाल समाजले फार्मबाटै प्रतिकेजी ७ सयमा ड्रागन फ्रुट बिक्री गर्दै आएको छ। यो बजार मुल्य भन्दा केही सहुलियतमा छ भने यहाँको बढी गुणस्तरको भएको समाजले दाबी गरेको छ। स्वास्थ्यका दृष्टिले निकै लाभदायि वालवालिका देखि जेष्ठ नागरिकहरुलाईसम्म खान सहज हुने जसमा औषधीय गुण समेत भएको शेरबहादुरले दाबी गर्नु भयो । समाजले हाल एक जना कर्मचारीलाई रोजगार दिएको छ भने केही पर्दा समाजका पदाधिकारी सहितको टिम जुट्ने गरेको छ । पोखरा महानगरपालिकाका आर्थिक बिकास महाशाखा प्रमुख मनोहर कडरियाले पोखरा क्षेत्रको नमुना ड्रागन फ्रुट फार्म भएको दाबी गर्नु भयो । चार प्रकारको ड्रागन फ्रुड मध्य पोखरा क्षेत्रमा रातो र सेतोको खेति सुरु भएको उहाँले जनाउनु भयो । उक्त फार्म समेत अवलोकन गर्दै प्रमुख कडरियाले उक्त ड्रागन फ्रुडको बिरुवा तथा केही फलमा केही किराहरु लाग्न लागेकोले बिषेश ख्याल गर्न सुझाव दिनु भयो । ७२ बर्षकी अध्यक्ष पुनः शारीरिक रुपमा पनि मोटो शरीर भए पनि उहाँको सोच र विचार युवा तन्नेरीको भन्दा कम छैन, खाली जमिनलाई प्रयोग गरी त्यतबाट आर्थिक उपार्जन गर्न समाजलाई प्रेरणा दिदै आउनु भएको छ । उक्त फार्ममा फंकश रोग लाग्न लागेको समस्या रहेको र जुरेली तथा कागले खाने समस्या भएको समाजले गुनासो गरेको छ। वादरबाट खासै समस्या नभएको उक्त खेतीको असिनाको भने समस्या रहेको अध्यक्ष पुनले जनाउनु भयो। मल र घाँस व्यवस्थापन गर्न समाजले वाडापाडी समेत पालन गर्न सुरू गरेको छ। पोखराका केही घरको कौसीमा यस खेतिको सुरू गरेको पाइन्छ।

## सातै प्रदेशमा लगानी सम्मेलन गर्ने उद्योग वाणिज्य महासंघको निर्णय

**रासस**
बागलुङ, १५ असोज

नेपाल उद्योग वाणिज्य महासङ्घले हाल शिथिल जस्तो देखिएको मुलुकको अर्थतन्त्रलाई चलायमान बनाउन तथा देशैभरि लगानीका सम्भावनालाई उजागर गर्न सातै प्रदेशमा लगानी सम्मेलन गर्ने भएको छ।

महासङ्घको तेस्रो कार्यसमितिको बागलुङ जिल्लाको प्रमुख पर्यटकीय क्षेत्र ढोरपाटनमा आज बसेको बैठकले सो निर्णय गरेको हो। प्रचुर सम्भावना भएर पनि पूर्वाधार र प्रचारप्रसारको अभावमा ओझेलमा परेको ढोरपाटन क्षेत्रको प्रचार गर्ने उद्देश्यले महासङ्घको तेस्रो बैठक आज ढोरपाटनमा आयोजना गरिएको थियो । उक्त बैठकले देशमा लगानीका क्रियाकलापलाई चलायमान गराउन देशका सबै प्रदेशमा लगानी सम्मेलनको आयोजना गर्ने निर्णय गरेको अध्यक्ष चन्द्रप्रसाद ढकालले जानकारी दिनुभयो । त्यसैगरी सो बैठकले सन् २०२५ लाई देशका समग्र निजी क्षेत्रले पर्यटन वर्षका रुपमा मानउने निर्णय पनि गरेको छ । पर्यटन वर्ष मनाउनेसम्बन्धी प्रचारप्रसार आजैदेखि सुरु गर्ने र यससम्बन्धी पत्राचार महासङ्घका देशैभरका जिल्ला तथा नगर उद्योग वाणिज्य सङ्घमार्फत गर्ने निर्णय भएको छ। अध्यक्ष ढकालको गृह जिल्लामा आयोजना गरिएको सो बैठकले मुलुकमा व्याप्त आर्थिक सङ्कट घटाउँदै तरलता बढाउन असोज मसान्तभित्रै राजनीतिक तथा सरोकारवाला निकायबीच छलफल गर्न एक उच्चस्तरीय तथा सर्वपक्षीय सम्मेलन गर्ने पनि निर्णय गरेको छ। अध्यक्ष ढकालले महासङ्घ एवं नेपाल सरकारलेसमेत वैदेशिक लगानीका लागि आग्रह गरिरहेको वर्तमान अवस्थामा देशभित्रै लगानीको वातावरण निर्माण गरी आर्थिक चलायनमान बनाउनका लागि लगानी सम्मेलन गर्ने निर्णय भएको बताउनुभयो।

अध्यक्ष ढकालले भन्नुभयो, "सन् २०२५ लाई पर्यटन वर्षका रुपमा मनाउने निर्णय भएको छ र यो निर्णय मुलुकको एक प्रमुख पर्यटकीय क्षेत्र एवं नेपालको एकमात्र सिकार आरक्षमा बैठक बसेर गरिएको छ । कोरोना महामारीले थला पारेको देशको पर्यटन व्यवसायलाई उठाउनका लागि आजैदेखि पर्यटकीय क्रियाकलाप गर्न सो निर्णय सहायक सिद्ध हुने अपेक्षा गरेका छौँ ।" त्यसैगरी पर्यटकीय क्षेत्र ढोरपाटनको पनि प्रचारप्रसार र आवश्यक प्रवर्द्धन गर्नका लागि मुलुकका समग्र उद्योगी, व्यवसायीहरुको छाता संस्था महासङ्घले बागलुङको ढोरपाटनमा बैठक आयोजना गरेको अध्यक्ष ढकालले जानकारी दिनुभयो।

"नेपालको एकमात्र सिकार आरक्ष ढोरपाटन सिकार आरक्षमा विदेशी पर्यटकहरु सिकार खेल्न मात्रै आउने प्रचलन छ, यहाँको पर्यटन पूर्वाधार र प्रचारप्रसार गर्न निजी क्षेत्रले उत्सुकता देखाएको हो", ढाकालले भन्नुभयो, "ढोरपाटनको भ्रमणमा छौँ, यहाँका सम्भावनाको खोजी गर्नेछौँ", अध्यक्ष ढकालले भन्नुभयो । नेपालको एकमात्र सिकार आरक्ष ढोरपाटन प्रचुर सम्भावना भएर पनि ओझेलमा पर्दै परेको छ। देशका उद्योगी व्यवसायी सम्मिलत यस बैठकपछि नेपालका एक सय पर्यटकीय गन्तव्यको सूचीमा रहेको ढोरपाटनको थप विकास हुने आशा स्थानीयले गरेका छन्। बागलुङ उद्योग वाणिज्य सङ्घ बागलुङ र ढोरपाटन उद्योग वाणिज्य सङ्घको आतिथ्यतामा ढोरपाटनमा बैठक आयोजना गरिएको बागलुङ उद्योग वाणिज्य सङ्घका अध्यक्ष नरेश कँडेलले जानकारी दिनुभयो।

देशभरका निजी क्षेत्रका उद्योगी तथा व्यवसायीहरुले ढोरपाटन अवलोकन गर्दा पर्यटनको विकासमा सहयोग पुग्ने उहाँको विचार छ। ढोरपाटनमा आवश्यक पर्यटकीय पूर्वाधार, सुविधा सम्पन्न होटलसहित अन्य व्यावसायिक योजनासमेत बन्नसक्ने अपेक्षा स्थानीयको रहेको पनि अध्यक्ष कँडेलले बताउनुभयो । यो सिकार आरक्ष तथा प्रमुख पर्यटकीय क्षेत्र त हो नै यहाँको आलु पनि पश्चिमको बजारमा लोकप्रिय छ। यहाँ आलु र स्याउको प्रचुर सम्भावना रहेको छ । बैठकपश्चात् महासङ्घको कार्यसमितिमा रहेका सदस्य एवं पदाधिकारीहरुले ढोरपाटन क्षेत्रको अध्ययन, स्थलगत अवलोकन र सिकार आरक्ष कार्यालयको भ्रमण गर्ने कार्यक्रम रहेको छ । बैठकमा ढोरपाटनको प्रसिद्ध ढोरबराह मन्दिरका साथै समग्र जिल्लाको पर्यटनका विषयमा समेत छलफल भएको ढोरपाटन उद्योग वाणिज्य सङ्घका अध्यक्ष ढालेन्द्र छन्त्यालले बताउनुभयो।

ढोरपाटनमा सिकार आरक्ष क्षेत्र, ढोरपाटन उपत्यका, स्याउ बगैँचा, ढोरबराह मन्दिर, देउराली, निशेलढोर, सिकार आरक्ष कार्यालयको सङ्ग्रहालयलगायत ढोरपाटनमा पर्यटक भुलाउने अनेकौँ स्थान रहेका छन् । सिकार खेल्नका लागि विदेशी पर्यटकमात्र आउने गरेको ढोरपाटनमा पछिल्लो समय आन्तरिक पर्यटकहरु पनि बढेका छन् । तर ढोरपाटन पुग्ने सडक र त्यहाँ सुविधा सम्पन्न होटल नहुँदा भने पर्यटकलाई समस्या भइरहेको छ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# नेकोस खेलकुद महोत्सव अर्न्तगत स्केटबोर्डमा कोशी प्रदेशको वर्चौश्व

**पोखरापत्र संवाददाता**
पोखरा, १५ असोज

नेकोस खेलकुद महोत्सव २०८० अन्तर्गत स्केटबोर्ड तर्फको प्रतिष्प्रर्धामा कोशी प्रदेशको वर्चौश्व रहेको छ।

नेपाल खेलकुद महासंघ समाजबादीको आयोजनामा हालै पोखरामा सम्पन्न भएको उक्त प्रतियोगितामा कोशी प्रदेशका खेलाडीहरुले उत्कृष्ट प्रर्दशन सहित वर्चौश्व कायम गर्न सफल भएको हो।

उक्त प्रतियोगितामा स्केट वोर्ड तथा स्केट बोर्डिङ खुल्ला तर्फको प्रतियोगितामा बसन्त राईले उत्कृष्ट खेल प्रर्दशन गरी विजेता हुनु भएको छ। त्यसै गरि कोशी प्रदेशकै शरद कुमार राई दोश्रो हुँदा मधेश प्रदेशका अंकित यादव तेश्रो हुन सफल हुनु भयो। त्यसै गरि स्केटबोर्डकै



प्रदेशस्तरिय पुरुषतर्फ बसन्त राई पहिलो, कोशीका शरद कुमार राई दोश्रो र कोशीकै धिरज परियार तेश्रो हुनु भएको हो।

प्रतियोगितामा महिलातर्फ कोशी प्रदेशकी समिक्षा राई प्रथम, बागमतीका अर्विन लामा द्वितिय र लुम्विनीका खुसी राई तेश्रो हुनु भयो। जुनियरतर्फ लुम्विनी प्रदेशका अभिनाष कुमाल प्रथम, द्वितिय लुम्विनीकै याम बहादुर कामु र लुम्विनीका अभिषेक दर्जी तेश्रो हुनु भएको हो। प्रतियोगितामा विजेताले मेडल, प्रमाणपत्रका साथमा नगद ३ हजार, उपविजेताले २ हजार र तेश्रो हुनेले १ हजार रुपैया पुरस्कार प्राप्त गर्नु भएको नेकोस गण्डकी प्रदेश सचिब डाक्टर डिलाराम लामिछानेले बताउनु भयो। बिजेता खेलाडीहरुलाई नेकोसका केन्द्रिय उपाध्यक्ष यादव बस्नेत, परिषदका उपाध्यक्ष धोज कुमार गुरुङ, निमित्त सदस्य सचिव केशव पाठक, नेकोस समाजवादीका नेकोसका उपमहासचिव तथा नेकोस प्रतियोगिता विभागका प्रमुख अनिल रिजाल गण्डकी नेकोशका अध्यक्ष नवराज अधिकारीले नगद, प्रमाणपत्र तथा प्रमाणपत्र वितरण गर्नु भएको थियो। प्रतियोगितामा ४८ खेलाडीहरुको सहभागिता रहेको नेकोस कास्की जिल्ला उपाध्यक्ष घननाथ सापकोटाले बताउनु भयो। उक्त महोत्सव अर्न्तगत पोखरामा योगखेल सहित दुई खेल सम्पन्न भएसंगै अब हेटौडामा एक बाँकी ७ खेल काडमाण्ठौं र ललितपुरमा हुने भएको महासंघका अध्यक्ष केशव कुमार विष्टले बताउनु भयो।

# गण्डकी प्रदेशमा ६० गर्भवती र सुत्केरी हवाई उद्धारबाट लाभान्वित

**पोखरापत्र संवाददाता**
पोखरा, १५ असोज

गण्डकी प्रदेशमा हालसम्म ६० जना महिला हवाई उद्धार सेवाबाट लाभान्वित भएका छन्।

प्रदेश सरकारले जटिल स्वास्थ्य अवस्था भएका गर्भवती तथा सुत्केरीको हवाई उद्धार गरी सुविधासम्पन्न अस्पतालमा उपचार सेवा प्रदान गर्ने गरी 'एयर लिफ्टिङ' सेवा सुरु गरेको थियो। सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका सचिव डा विनोदविन्दु शर्माले यस कार्यक्रमअन्तर्गत विसं २०८० असार मसान्तसम्म ६० जनाको हवाई उद्धार गरिएको बताउनुभयो। यसैगरी अघिल्लो आव २०७९/०८० मा छ जनाले यो सेवा लिएका थिए। प्रदेश सरकारले विसं २०७५ देखि प्रदेशको हिमाली तथा दुर्गम क्षेत्रबाट जटिल प्रकारको स्वास्थ्य समस्या देखिएका सुत्केरी र गर्भवतीका लागि यो सेवा प्रदान गर्न सुरुआत गरेको हो। भौगोलिक रुपमा विकट र यातायातको पहुँच नभएका दुर्गम क्षेत्रका महिलाका लागि यो कार्यक्रम प्रभावकारी बनेको छ।

मन्त्रालयका सचिव शर्माले हवाई उद्धार प्रभावकारी भएको बताउनुभयो। उहाँले भन्नुभयो, "हवाई उद्धारबाट सुत्केरी, गर्भवती र नवजात शिशु अकालमै मृत्यु हुनबाट जोगिएका छन्। जटिल प्रकारको स्वास्थ्य समस्या देखिँदा विकटताका कारण स्थलमार्गमार्फत अस्पताल पुऱ्याउन असम्भव भएको समयमा हवाई उद्धार गर्दै आएका छौँ।" हवाई उद्धार सेवा गण्डकीका म्याग्दी, बागलुङ, गोरखा, लमजुङलगायतका जिल्लाका महिलाले बढी सेवा लिएका छन्। उहाँका अनुसार एयर लिफ्टिङ सेवालाई थप व्यवस्थितरुपमा सञ्चालनका लागि मन्त्रिपरिषद्बाट 'जोखिममा परेका गर्भवती र सुत्केरीको हवाई उद्धार कार्यविधि, २०८०' स्वीकृत गरिएको छ। संविधानले महिलालाई प्रदान गरेको सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी अधिकारलाई प्रत्याभूत गर्न जोखिममा परेका गर्भवती र सुत्केरीको हवाई उद्धार गी सुविधासम्पन्न अस्पतालमा उपचार गरी जीवन रक्षाका लागि सो कार्यविधि निर्माण गरी कार्यान्वयन गरिएको मन्त्रालयले जनाएको छ। कार्यक्रम कार्यान्वयनका लागि मन्त्रालयका सचिवको संयोजकत्वमा हवाई उद्धार समन्वय समिति रहेको छ।

# स्वास्थ्यकर्मीको सुरक्षाका लागि समन्वय गर्न मन्त्रालयद्धारा समिति गठन

**पोखरापत्र संवाददाता**
पोखरा, १५ असोज

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले स्वास्थ्यकर्मीको सुरक्षाका लागि सम्वन्धित निकायबीच समन्वय कायम गरिने भएको छ।

स्वास्थ्यकर्मीमाथि दैनिक हुनथालेका आक्रमणलाई मध्यनजर गर्दै मन्त्रालयका अतिरिक्त सचिव डा टङ्क बराकोटीको अध्यक्षतामा ११ सदस्यीय 'स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा समन्वय समिति' गठन गरिएको मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले जानकारी दिनुभयो। मन्त्रालयले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थामाथि निरन्तर आक्रमण हुन थालेपछि स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन, २०६६ (पहिलो संशोधन २०७९) को दफा ५ अनुसार सो समिति गठन गरेको हो। पछिल्लो समय स्वास्थ्यकर्मीमाथि भएका अवाञ्छित घटनाका सम्बन्धमा एवं स्वाथ्यकर्मीसँगको सुरक्षासम्बन्धी व्यवस्था कार्यान्वयनका लागि सरोकारवाला निकायसँग समितिले छलफल पनि सुरु गरिसकेको उहाँको भनाइ थियो। समितिले स्वास्थ्यकर्मीको सुरक्षाप्रतिकुल हुनेगरी कुनै स्वास्थ्य संस्थामा भएका घटनाका सम्बन्धमा जाँचबुझ गर्ने र अनुसन्धानमा सहयोग गर्ने, अदालतको फैसलाअनुसार स्वास्थ्यकर्मी तथा स्वास्थ्यसंस्थाको तर्फबाट सम्बन्धित व्यक्तिलाई क्षतिपूर्ति दिलाउने छ। ऐनको दफा ३ मा स्वास्थ्य संस्थामा आगलागी गर्नेलाई दुई वर्षदेखि पाँच वर्षसम्म कैद वा रु दुई लाखँदेखि रु पाँचलाखसम्म जरिवाना वा दुवै सजायको व्यवस्था गरिएको छ। यस्तै स्वास्थ्य संस्थामा तोडफोड वा अन्य कुनै कार्य गरी हानी नोक्सानी पुऱ्याउने, स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई कुटपिट गर्ने वा शारीरिकरुपमा चोट पुऱ्याउनेलाई तीन वर्षसम्म कैद वा रु तीन लाखसम्म जरिवाना वा दुवै सजायको व्यवस्था गरिएको छ। यसैगरी स्वास्थ्य संस्थामा तालाबन्दी गर्ने, उपचारका लागि आएका वा उपचाररत बिरामीहरुको उपचार गर्ने कार्यमा कुनै किसिमको वाधा पुऱ्याउने र स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई हातपात गर्नेलाई एक वर्षसम्म कैद वा एक लाख रुपियाँसम्म जरिवाना वा दुवै सजायको व्यवस्था गरिएको छ। मन्त्रालयले स्वास्थ्यकर्मीमाथि हुने हातपात गर्नेलाई दफा ३ बमोजिम सजायको व्यवस्थालाई अस्पताल परिसरभित्र सबैले देख्ने गरी टाँस्न अनुरोधसमेत गरेको छ।

# आन्दित गृहद्धारा गुरुङ दम्पती सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, १५ असोज

३० औ अन्तराष्ट्रिय जेष्ठ नागरिक दिवसको अवसरमा आन्दित गृह नेपालले शनिबार एक कार्यक्रम बिच गुरुङ दम्पतीलाई सम्मान गरेको छ।

आन्दित गृह नेपाल र पोखरा बृद्ध आश्रमले संयुक्त रुपमा आयोजना गरेको कार्यक्रममा गोपाल गुरुङ र उहाँकी धर्मपत्नी लक्ष्मी गुरुङ सम्मानित हुनु भएको हो। उहाँहरुले बृद्ध बृद्धाहरुको संस्थालाई आर्थिक,नैतिक र भौतिक सहयोग गर्नुको साथै अन्यलाई पनि सहयोग गर्न उत्प्रेरित गरेकोले उहाँहरुलाई संस्थाले अन्तराष्ट्रिय जेष्ठ नागरिक दिवसको अवसर पारेर सम्मान गरेको हो। कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रदेश सरकारका सामाजिक विकास तथा स्वास्थ्य मन्त्री शुसिला सिंखडाले समय,परिस्थीति,बाध्यता र फेसनकै कारणले पछिल्लो समय देशका युवाहरु विदेशी चलन बढ्दै गएको छ। जसको कारण बृद्ध आमा बुवाहरु एक्लिदै छन। उहाँहरुको रेखदेख गर्ने कोहि हुदैनन। यस्तो अवस्थामा बृद्ध आश्रम अहिलेको आवश्यकता भएको उनले बताइन। गण्डकी प्रदेश सरकार बृद्ध आमा बुवाहरुको साथमा छ भन्ने



आभाष दिन्छौ। त्यसमा ढुक्क हुनुस। तपाईहरु बृद्ध आमा बुवाहरुको अभिभावक भएकोले उहाँहरुको सेवामा जुट्नुस। गण्डकी प्रदेश सरकार तपाईहरुले गरेको मानविय कार्यलाई हातमा हात साथमा साथ दिन्छौ। उनले भनिन।

कार्यक्रममा बोल्दै आन्दित गृह नेपालका अध्यक्ष डाक्टर यज्ञमान शाक्यले आन्दित गृह नेपाल आफ्नै भौतिक संरचनामा संचालन भएकोले अहिले सम्म सेवा दिन सकेको बताए। यस्तो संस्था खोलेर सेवा दिने मनसाय भए आफ्नै भौतिक संरचना हुनु पर्ने नत्र संम्भव नहुने उनको तर्क छ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी पोखरा १२ उपशाखाका प्रमुख कुस्म राज आर्चाय ,पोखरा महानगरपालिका जेष्ठ नागरिक संघका प्रमुख भक्तराज श्रेष्ठ,जेष्ठ नागरिक साझा चौतारी रत्नचोकका अध्यक्ष भुपेन्द गिरी,पोखरा जेष्ठ नागरिक महासंघका सचिव कुशुम केशव पराजुली,संस्थाका सदस्य खड्ग सिंह रानाभाट लगायतले मन्तव्य राखेका थिए। कार्यक्रम संचालन संस्थाका सदस्य शुशिला खनाल र स्वागत मन्तव्य संस्थाका सदस्य रमेश ताम्राकारले गरेका थिए।

अन्तराष्ट्रिय जेष्ठ नागरिक दिवसको अवसरमा सम्पन्न भएको उक्त कार्यक्रम लगतै सम्पन्न भएको संस्थाको १० औ साधारण सभाले संस्थाको विधानका केहि बुदा परिवर्तन गरेको संस्थाका सचिव रोमा राउत शाक्यले बताइन।

# बीउ र तरकारी बेचेर १४ लाख बढीको आम्दानी

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १५ असोज

स्याङ्जाको गल्याङ नगरपालिका-११ जिमुहाका ५३ वर्षीय चन्द्रकान्त डुम्रेले मौसमी तथा बेमौसमी तरकारी तथा बीउ बिक्री गरेर वार्षिकरूपमा रु १४ लाख बढी आम्दानी गर्दै आउनुभएको छ।


डुम्रेले जनकदेव, खुमल रातो खुमल उज्वल, एमएस ४२ जातको आलुको बीउ बिक्रीबाट वार्षिरूपमा रु पाँच लाख, बोडी बिक्रीबाट रु तीन लाख ५० हजार, घिरौँला, काँक्रा, करेला र लौका बिक्रीबाट रु दुई लाख, रामधानको बीउ बिक्रीबाट रु एक लाख ५० हजार, अरुण दुई जातको मकैको बीउ बिक्रीबाट रु ८० हजार गरी वार्षिक औसतमा रु चौध लाख बढी आम्दानी गर्दै आउनुभएको छ। भारत, मलेसिया तथा जापानमा करिब १८ वर्ष वैदेशिक रोजगारीबाट स्वदेश फर्किएर उहाँले कृषि काम गर्न थाल्नुभएको हो। "विभिन्न देशमा रोजगारी गरेँ अन्त्यमा आफ्नै देशमा फर्केर कृषि कार्य गर्दै आएको छु", उहाँले भन्नुभयो, "चन्द्रकान्त डुम्रे कृषि फार्म दर्ता गरी झण्डै एघार वर्षअघिदेखि व्यावसायिक कृषिको सुरुआत गरेको हुँ।" सुरुमा आफ्नै तीन रोपनी जग्गाबाट कृषि कर्म थाल्नुभएका डुम्रेले कृषिमा सम्भावना देख्नुभयो। हाल आफ्नो पाँच रोपनी र अरुको करिब १५ रोपनी जग्गा भाडामा लिएर २० रोपनी क्षेत्रफलमा मौसमी तथा बेमौसमी तरकारी तथा समयअनुसारका धान र आलुको बीउ उत्पादन गर्दै आउनभुएको छ। "मेरो मुख्य पेसा नै कृषि हो, मैले गरेको कार्यबाट म सन्तुष्ट छु", उहाँले भन्नुभयो, "उत्पादित कृषिजन्य वस्तुको बजारीकरणको कुनै किसिमको समस्या छैन।" बाह्रै महिना सिँचाइका लागि पानीको सुविधा भएकाले उहाँले वर्षमा तीन बाली लगाउनुहुन्छ। तरकारी स्थानीय बजारमै खपत हुने गरेको छ। मकै, धान, गहुँ, आलुको बीउ नगरपालिका, गाउँपालिका, कृषि ज्ञानकेन्द्र, कृषि विकास स्रोतकेन्द्र तथा सरकारीसङ्घसंस्थाकोसमन्वयका आधारमा सजिलैसँगै बिक्री हुने गरेको उहाँ बताउनुहुन्छ। जिमुहा विभिन्न जातका तरकारी तथा आलु र धानको पकेट क्षेत्र हो। यहाँबाट बर्सेनि लाखौँको तरकारी तथा बीउ निर्यात हुने गरेको छ।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कमाउन जति गाह्रो छ, गुमाउन ज्यादै सजिलो हुन्छ ।

- स्वटेमार्डन

## सम्पादकीय

# भ्रष्टाचार र अनियमिततामा अर्ध अनुसन्धान

गठबन्धनको सरकार बनेपछि मुलुकमा सुशासनको थोरै पनि प्रत्याभूति हुन सकेको छैन । एक पछि अर्को गर्दै घटनाहरु बाहिरिएका छन् । सबै घटनामा सत्तारुढ दलका ठूला नेताहरुको संलग्नता देखिएको आंशका गरिएको छ । नक्कली भुटानी शरणार्थी, ब्रेक सुनमा सुन तस्करी लगायतका घटनामा माओवादीका उच्च स्तरका नेताहरुको संलग्नता देखिएको प्रमाण प्रहरीको अनुसन्धानबाट थाहा हुन आएको छ । राज्य सत्ताको दुरुपयोग गर्दै, नक्कली भुटानी शरणार्थी प्रकरणमा काग्रेसका नेता तथा यस अघि गृहमन्त्री समेत रहेका बालकृष्ण खाड र पूर्वा माओवादी नेता टोपबहादुर रायमाझी लगायतलाई पक्राउ गरी अनुसन्धानका लागि थाना पठाएको छ । यी मुद्दाहरुमा अरु ब्यक्तिहरु पनि दोषि हुनसक्ने तथ्यहरुले देखाउछ ।

सत्तारुढ दल कै ठूला नेता, नेतृहरुको संलग्नता देखिए पनि सरकारको निर्देशनमा प्रहरीले प्रारम्भीक छानबिन समेत नगरी अर्ध र पक्षपातपूर्ण अनुसन्धान गरेको देखिन्छ । त्यसैगरी सुन तस्करी प्रकरणमा पनि मुख्य अभियुक्तलाई छोडेर सानातिनालाई मात्रै पक्राउ गरेको छ । माओवादीका उच्चस्तरका नेताहरुको संलग्नता देखिए पछि सरकारले घटनाई ढाकछोप गर्न खोजेको छ । यहि घटनामा प्रति पक्षले उच्च स्तरिय छानबिन आयोग गठनको माग गर्दै संशद समेत केहि दिनसम्म अवरुद्ध गऱ्यो तर पनि सरकार टसकोमस गरेन । कारण उनिहरुको ठूलो मान्छे पर्छन भनेर । अहिले प्रतिपक्षको आवाजलाई सुने झै गरी उच्च अदालत पोखराका अवकास प्राप्त न्यायधिश डिल्ली राज आचार्यको संयोजकत्वमा छानबिन समिति गठन गरेको छ ।

यो छानबिन समिति प्रतिपक्षको आखामा छारो हाल्न मात्रै बनाईएको हो । सो समितिका संयोजक आचार्य, सरकारको बिरुद्ध जानै सक्दैनन् । किन भने उनि माओवादी सर्मथक हुन् । यो संयन्त्रले उल्टै सुन तस्करका नाईके माओवादी नेताहरुलाई चोख्याउने आशंका गरिएको छ । जसरी नक्कली भुटानी शरणर्थी प्रकरणमा अर्ध अनुसन्धान भयो त्यसैगरी यसमा पनि अर्ध अनुसन्धान हुने अवस्था देखिन्छ । त्यसैले आफ्नो अनुकुल समितिका संयोजक बनाईएको छ । सरकारका गृहमन्त्रीले के के न ठूलो काम गरे भनेर अर्ध अनुसन्धान गरेको र पूर्व माओवादी तथा हालका एमालेका निलम्बीत नेता टोपबहादुर रायमाझीलाई पक्राउ गऱ्यौ भनेर मिडियामा स्टण्डबाजी गरेका छन् । यसै बहानामा प्रतिपक्षको झाको झार्ने र बद्नाम गराउने सम्मका र्हकत गर्न छाड्दैनन् । मानौ उनिहरु शुद्द आचरणमा बसेका मान्छे हुन भने जसरी केहि युट्वहरुमा कुर्लने गरेको देखिन्छ । साथै प्रधानमंत्री प्रचण्ड, गृहमन्त्री नारायणकाजी श्रेष्ठ लगायतका केहि नेताहरुले बिगतका कर्तुतहरुलाई भुलेर प्रमुख प्रतिपक्षी दल नेकपा एमालेलाई धम्क्याउने काम समेत गरेको पाईन्छ । गृहमन्त्रीले फलाना मुद्दाको फाईल खोलौ ? चिलाना मुद्दाको फाईल खोलौं भन्दै धम्क्याउने गरेको पाईन्छ । गृह मन्त्रीले त अनुसन्धान गर्न लगाउने हो बोलेर धम्क्याउने होईन । पटक पटक प्रधानमंत्री र गृहमन्त्रीले प्रमुख प्रतिपक्षी नेकपा एमाले अध्यक्षलाई धम्क्याए पछि सार्वजनिक रुपमा चुौति दिएका छन् । सबै प्रकरणहरुको फाईल खोल को को दोषि देखिन्छ । प्रमुख प्रतिपक्षी नेकपा एमालेको दावा छ कि यी सबै प्रकरणहरुमा सत्तारुढ दलकै नेता कार्यकर्ताहरु दोषि देखिन्छ ।

अहिले नेपालीहरु चाडवाड मुखैमा आईपुगेका छन् । सरकारले पेट्रोलियम पर्दाथ मूल्यबृद्धि गरेको र बिरोध पछि पेट्रोलियम पर्दाथको मूल्य घटाएको थियो । सरकारले नियोजित रुपमा मुल्यबृद्दि गरेको थियो । पेट्रोल तथा ग्र्यासको मौज्दात टन्न राखेर नाफा कमाउनका लागि मूल्यबृद्धि गरिएको थियो । यसरी सरकार आफैले दुईनम्बरी काम गरेको छ । सबै उपभोग्य बस्तुहरुको मूल्यबृद्धि गरेर नागरिकको ढाडसेक्ने काम गरेको छ । यो सरकारको गतिबिधिका कारण नागरिकहरुमा चरम निर ासा छाएको देन्छि । सत्ता साझेदार दलका नेताहरु पनि मौन देखिन्छन् । नागरिक समाज र केहि मिडियाहरुले पनि सत्य तथ्य ढाकछोप गरेका कारण जनताको बास्तबिक आवाज बोल्ने कोहि देखिएको छैन । सबै जनता भित्रभित्रै पिल्सीएका छन् । वास्तबिक रुपमा जनताको आवाजलाई सम्वोधन गर्ने संसदलाई पनि सरकाले पेल्दै गएको आभाष भएको छ । वास्तवमै सरकार जनता प्रति गैरजिम्मेवार बनेकोले यस्तो परिस्थीति कहिलेसम्म प्रश्न अनुत्तरित नै छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : अप्रत्यसित लाभ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : आर्थिक समस्या | धनु | : झमेला बड्ने |
| कर्कट | : मानसिक तनाब | मकर | : कार्यमा सफलता |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : मन चञ्चल |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# शुक्लागण्डकीमा शीतभण्डार निर्माण

**पोखरापत्र संवाददाता**
तनहुँ, १५ असोज

जिल्लाको शुक्लागण्डकी नगरपालिका-८ लालिममा एक सय मेट्रिकटन क्षमताको शीतभण्डार निर्माण गरिएको छ ।

नगरपालिकाको आन्तरिक स्रोतबाट रु तीन करोडको लगानीमा उक्त शीत भण्डार निर्माण गरिएको हो । उक्त नगरपालिकाको वडा नं ८ आलु र वडा नं ११ सुन्तला खेतीका लागि पकेट क्षेत्रका रुपमा विकास गरिएको छ ।

नगरपालिकाले आलु र सुन्तला खेतीलाई मध्यनजर गर्दै करिब पाँच रोपनी सार्वजनिक जग्गामा शीतभण्डार निर्माण गरेको इञ्जिनियर तारापति भट्टराईले जानकारी दिनुभयो । शीतभण्डार बनेसँगै यहाँका कृषकले उत्पादन गरेका कृषिउपज स्टोरका लागि पोखरा लैजानुपर्ने बाध्यता हट्ने भएको छ ।

"भवन निर्माण सम्पन्न भइसकेको छ", उहाँले भन्नुभयो, "निर्माण व्यवसायीलाई भुक्तानी दिन बाँकी रहेकाले सञ्चालन प्रक्रिया रोकिएको हो, असोज मसान्तदेखि सञ्चालनमा ल्याउने तयारी गरिरहेका छौँ । उत्पादन भएका आलु र सुन्तला स्टोर गर्न नपाएर सस्तोमा बिक्री गर्नुपर्दा कृषक मर्कामा पर्ने गरेका थिए । "उचित समयमा उत्पादित बस्तु बिक्रीका लागि कृषकलाई प्रतिकिलोग्राम रु सातका दरले शुल्क लिने योजना नगरपालिकाले बनाएको नगरप्रमुख कृष्णराज पण्डितले बताउनुभयो ।

त्यसैगरी व्यास नगरपालिका कार्यालयले चालु आवदेखि चिस्यान केन्द्र सञ्चालनमा ल्याउने तयारीका साथ निर्माण गरिरहेको छ । वडा नं ११ स्थित गैह्रबारीमा निर्माणाधीन चिस्यान केन्द्र निर्माण अन्तिम चरणमा पुगेको जनाइएको छ । चिस्यान केन्द्र अन्तिम चरणमा पुगेसँगै जिल्लाका व्यावसायिक कृषक उत्साहित भएर कृषि क्षेत्रमा लाग्न थालेको योजना कार्यान्वयन तथा अनुगमन उपशाखाका अधिकृत भेषराज तिवारीले जानकारी दिनुभयो । गण्डकी प्रदेश सरकार र व्यास नगरपालिकाको संयुक्त लगानीमा करिब तीन रोपनी जमिनमा रु एक करोड ६२ लाख ३२ हजार दुई सय ६४ को लागतमा एक सय ३० मेट्रिकटन क्षमताको चिस्यान केन्द्र निर्माण गरिएको हो ।

# सवारीसाधनको सुविधाले विद्यालय आवतजावतमा सहज

**पोखरापत्र संवाददाता**
दमौली, १५ असोज

तनहुँको आँबुखैरेनी गाउँपालिका-५ लाब्दीकी मुना गुरुङ विद्यालय जान साढे दुई घण्टा पैदल हिँड्ने गर्नुहुन्थ्यो । बिहान ७:३० बजे घरबाट हिँडेपछि मात्रै उहाँ समयमै विद्यालय पुग्नुहुन्थ्यो । विद्यालयबाट घर फर्किनका लागि पनि गुरुङलाई त्यति नै समय लाग्थ्यो ।

वर्षौंदेखि यसरी नै हिँडेर विद्यालय आवतजावत गरिरहनुभएकी उहाँलाई अहिले हिँड्नु पर्दैन । घरदेखि विद्यालयसम्म आवतजावत गर्न जिप चढ्न पाइने भएपछि समय बचत भएको र बचेको समय अध्ययनमा लगाउन सहज भएको छ । आँबुखैरेनी गाउँपालिका-६ हिलेखर्कस्थित कन्यादेवी माध्यमिक विद्यालयमा कक्षा १० मा अध्ययनरत गुरुङले पैदलयात्राको बाध्यताबाट मुक्ति पाएसँगै अध्ययनमा सहज भएको बताउनुभयो । गाउँपालिकाले घण्टौँ हिँडेर विद्यालय जानुपर्ने अवस्था अन्त्य गर्न गाउँपालिकाभित्रका तीन विद्यालयलाई जिप सुविधा उपलब्ध गराएको हो । कन्यादेवी माध्यमिक विद्यालयका प्रधानाध्यापक सूर्यमानसिंह गुरुङले जिप उपलब्ध भएपछि विद्यार्थीलाई सहज भएको बताउनुभयो । विद्यालयमा एक सय २४ विद्यार्थी अध्ययनरत रहेकामा ८० बालबालिकाले दैनिक विद्यालयमा आवतजावतमा तीनदेखि पाँच घण्टा यात्रा गर्नुपर्ने अवस्था छ ।

विद्यालय आवतजावतका लागि विगत लामो दशकदेखिको कष्टकर हिँडाइको यात्रामा पूर्णबिराम लागेको छ । कैयौँ वर्षदेखि विद्यार्थी यसरी नै हिँडेर विद्यालय आवजावत गर्नुपर्थ्यो तर अहिले दुई वटा जिपले दैनिक दुईपटक विद्यार्थी ल्याउने र घर लैजाने गरेको छ । वडा नं ५ मा एउटा र वडा नं ६ का लागि अर्को जिप सञ्चालन गरिएको छ । वडा नं ५ मा चल्ने जिपले बाटोमा पर्ने वडा नं ६ का विद्यार्थीलाई पनि विद्यालय ल्याउने लैजाने गरेको छ । दुवै वडाका गरेर ८० विद्यार्थीले यो सुविधा पाएका प्रधानाध्यापक गुरुङको भनाइ थियो ।

विद्यालय रहेको हिलेखर्कमा ६० घरधुरीमध्ये १८ विद्यार्थी मात्रै विद्यालयमा अध्ययनरत छन् । बाँकी विद्यार्थी वडा नं ५ र ६ का हुन् । घरदेखि विद्यालय टाढा रहेका विद्यार्थीलाई हिँडेर विद्यालय जान नपरोस् भन्नका लागि जिप सुविधा उपलब्ध गराइएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो ।

# 'बुकी'बाट बैँसी झर्न थाले गोठाला

**पोखरापत्र संवाददाता**
म्याग्दी, १५ असोज

गाईबस्तुलाई चरनका लागि 'बुकी' गएका म्याग्दीका गोठाला बैँसी झर्न थालेका छन् ।

शरदयामको सुरुआतसँगै चिसो बढ्न थालेपछि बर्खा याममा हिमालको फेदीमा पुगेका गाई, भैँसी, भेडाबाख्राका गोठ गाउँ नजिकका खर्कमा झार्न थालेका हुन् । पशुका लागि पोसिलो घाँस पाइने हिमाली चरन क्षेत्रलाई बुकी र गाईबस्तुको गोठ राख्ने ठाउँलाई खर्क भनिन्छ ।

धौलागिरि गाउँपालिका-३ मुनाका बालकृष्ण मगरले ढोरपाटनको जलजला र धनमाने खर्कमा तीन महिना बुकीको घाँस खुवाएका गाइगोरुको गोठ ल्याएर गत हप्ता गाउँमा झरेको बताउनुभयो । "वैशाखमा उभौलीको पूजा गरेर लेकतिर लागेको गोठ पालुवा पलाउँदै गरेको घाँस खुवाउँदै जेठको अन्तिममा जलजलाको धनमाने खर्कमा पुगेका थियो", उहाँले भन्नुभयो, "तीन महिना बुकीमा चराएर अहिले गाउँको मकै बारीमा उम्रिएको ल्योस (घाँस) खुवाउन ल्याएको हो ।" दसैँमा गाउँ नजिकैको बारीमा रहने गोठ तिहारमा धान भित्र्याएपछि बैँसीको सोलवाङ फाँटमा झार्ने चलन रहेको मगरले बताउनुभयो । गोठ बैँसी झर्न थालेपछि गाउँघरमा चाडपर्व भित्रिएको महसुस गर्छन् ।

पोसिलो घाँस खाएर मोटाएका गाईभैँसी, गोरु र भेडाबाख्राको बथानलाई अघि लगाउँदै गोठाला बन्दोबस्तीका सामान बोकेर लेकबैँसी गर्छन् । गाउँ झरेका गोठाला र गाईबस्तुको चहलपहलले रौनक छाएको छ । पशुचौपायाले गाउँ नजिकैको पाखाबारी भरिएका छन् । ती पाखामा असङ्ख्य गाईगोरु, बाच्छाबाच्छी, भैँसी र भेडाबाख्रा चरनमा रमाइरहेका देखिन्छन् । महिनौँ पुग्ने खर्चबर्च बोकेर गएका गोठाला गाउँ झरेपछि मात्रै परिवारसँग भेट हुने गर्छ । करिब तीन/चार महिना लेकमा बिताउँदा उनीहरूले चोयाका विभिन्न सामग्री बुन्ने, घ्यू उत्पादन गर्ने र बेच्ने धौलागिरि गाउँपालिका-३ मुनाका ७६ वर्षीय गङ्गबहादुर पहरे पुनले बताउनुभयो । "पहिले हामी गोठमा जाँदा घरमा किनेर तेल खानुपर्दैनथ्यो । घ्यूले पुग्दथ्यो । मोही धेरै भएर खोलामा फाल्नुपर्दथ्यो", उहाँले भन्नुभयो, "अहिले गोठ राख्ने ठाउँसम्म नै गाडी पुगेकाले खाने, बस्ने सामान बोक्नुपरेन । घ्यू र मोहीबाट छुर्पी बनाएर बिक्री गरेर आम्दानी हुन्छ ।"


गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

**फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित सूचना २०८०/०६/१५

यस कार्यालयमा मिति २०७४/०२/२१ मा कास्की जिल्ला पोखरा-१६, कास्कीमा सञ्चालन गर्ने गरी पोखरा-१३, कास्की निवासी **भगवती बास्तोला**को नाउँमा दर्ता भएको फर्म दर्ता नं. **१२६६५/०७३/०७४** (८०६) को **बास्तोला कृषि फर्म** नामक फर्मको प्रोपाइटरले फर्म सञ्चालन गर्न नसक्ने भएकाले मिति २०८०/०६/१५ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदी सो फर्ममा अरु कसैको हकदाबी एवम् कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सबुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्याद भित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**



गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

**फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८०/०६/१५**

यस कार्यालयमा मिति २०६८/०९/१४ मा कास्की जिल्ला पोखरा-२५, कास्कीमा सञ्चालन गर्ने गरी हेमजा-९, कास्की निवासी **सीता देवी कुँवर**को नाउँमा दर्ता भएको फर्म दर्ता नं. **८१६४/०६८/०६९** (७८८) को **सिजन ब्युटीपार्लर ट्रेनिङ सेन्टर** नामक फर्मको प्रोपाइटरले फर्म सञ्चालन गर्न नसक्ने भएकाले मिति २०८०/०६/१५ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदी सो फर्ममा अरु कसैको हकदाबी एवम् कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सबुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्याद भित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**



गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

**फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित सूचना २०८०/०६/१५

यस कार्यालयमा मिति २०७५/०५/१३ मा कास्की जिल्ला पोखरा-१४, कास्कीमा सञ्चालन गर्ने गरी पोखरा-२१, कास्की निवासी **झपट बहादुर थापा**को नाउँमा दर्ता भएको फर्म दर्ता नं. **१४३३६/०७५/०७६** को **एडभान्स टेक्निकल ईन्जिनियरिङ मेटल वर्कस** नामक प्राईभेट फर्मको प्रोपाइटरले मिति २०७९/०२/२७ मा मृत्यु भएको हुँदा निजको श्रीमती श्री गालु थापाको मिति २०८०/०६/१५ मा फर्म आफ्नो नाममा नामसारी गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदी सो फर्ममा अरु कसैको हकदाबी एवम् कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सबुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्याद भित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार प्रोप्राईटरको श्रीमती पोखरा २१ कास्की निवासी श्री गालु थापाको निवेदन अनुसार फर्म नामसारी भई जाने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**



**राहदानी हरायो**

**मिति २०८० भाद्र ०५ गते हेमजाबाट महेन्द्रपूलतर्फ आउँदै गर्दा मेरो निम्न व्यहोराको राहादानी हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरीचौकी वा निम्न ठेगानामा सम्पर्क गर्नुहोला ।**

**नाम : सृष्टिता कुँवर**
**ठेगाना : हेमजा–२५, पोखरा**
**पासपोर्ट नं. ११२८९४८७**
**मो.: ९८०६७३८०८१**



गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

**फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित सूचना २०८०/०६/१५

यस कार्यालयमा मिति २०६२/०९/१४ मा कास्की जिल्ला पोखरा-४, कास्कीमा सञ्चालन गर्ने गरी पोखरा-४, कास्की निवासी **भगवती अधिकारी**को नाउँमा दर्ता भएको फर्म दर्ता नं. **५१३५/०६२/०६३** (२३७) को **एस एस फुड प्रोडक्ट्स** नामक फर्मको प्रोपाइटरले फर्म सञ्चालन गर्न नसक्ने भएकाले मिति २०८०/०६/१५ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदी सो फर्ममा अरु कसैको हकदाबी एवम् कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सबुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्याद भित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**

# विदेशको दुःखले गाउँमा उद्यमी बनेका बलबहादुर

**पोखरापत्र संवाददाता**
बागलुङ, १५ असोज

गाउँमा काम गर्ने जनशक्ति नहुँदा खेतीयोग्य जमिन वनमाराले ढाक्दै गएको छ । दिनप्रति दिन गाउँ छोड्नेको सङ्ख्या बढ्दै छ ।

बागलुङको काठेखोला गाउँपालिका-२ भीमापोखराका बलबहादुर केसी भने गाउँमै व्यावसायिक बाख्रापालन गर्दै आउनुभएको छ । उहाँ पनि एक दशक बढी विदेशमा पसिना बगाएर स्वदेश फर्किनुभएको हो । उहाँले भन्नुहुन्छ "जीवनको ऊर्जाशील समय विदेशमा बित्यो । अहिले आफ्नै गाउँठाउँ र पाखापखेरा प्यारो लाग्न थालेको छ । " बिहान उठेदेखि राति नसुतुञ्जेलसम्म बाख्राको स्याहारसुसारमा देखिने केसीसँग १२ वर्ष साउदी अरबमा दुःख गरेको अनुभव छ । साउदीमा साहुको भेडा चराउने काम गर्नुभएका उहाँ अहिले आफैँ मालिक बन्नुभएको छ ।

अनेक आवश्यकता र पारिवारिक जिम्मेवारीले सानै उमेरमा परदेशिनुपरेको दुःख सुनाउने केसी अहिले धेरै युवाका लागि प्रेरणाको स्रोत बन्नुभएको छ । स्वदेशै कामको खोजी गरेर पनि नपाएपछि विदेशिनुभएका केसीले अहिले गाउँमा थुप्रै सम्भावना देख्नुभएको छ ।

उहाँ भन्नुहुन्छ, "पशुपालन होस् या व्यावसायिक तरकारी खेती युवाका लागि प्रसस्त आयआर्जनको स्रोत यही छ । " चार वर्षदेखि बाख्रापालनमा लाग्नुभएका केसीले गाउँमा गर्ने कामले आत्मसम्मान मिल्ने बताउनुहुन्छ । विभिन्न परिस्थितिका कारण विदेश जानुपरेको जनाउँदै अब विदेश नजाने सोच बनाएको उहाँको भनाइ छ । "पहिले पारिवारिक आर्थिक अवस्थाका कारण विदेश गइयो, विदेशमा गरेको दुःख अहिले सम्झिँदा पनि आँसु झर्छ, आफ्नो गाउँघरमा गाईभैँसी, भेडाबाख्राको गोठालो गर्दा, खेती किसानी गर्दा सानो मान्छे भइने, इज्जत नहुने भन्ने सोच साउदी पुगेपछि फेरियो, अहिले मलाई त्यस्तो लाग्दैन, जहाँ भए पनि काम सानो ठूलो हुँदैन भन्ने लाग्छ", उहाँ भन्नुहुन्छ, "विदेश गएर केही सीप भने सिकियो, त्यहाँ सिकेको सीपले अहिले गाउँमा बाख्रापालनमा सजिलो भएको छ, अरु युवा पनि विदेशमा सीप सिकेर यहाँ आएर केही गरे हुन्थ्यो, अहिले त गाउँ सुनसान बन्न थाल्यो ।"

उहाँले गाउँमै आधुनिक खोर निर्माण गरी व्यावसायिक बाख्रापालन गर्नुभएको छ । स्थानीय र बोयर जातका गरी हाल केसीको खोरमा ४५ व बाख्रा छन् । खोर निर्माण तथा बाख्रा खरिद गर्दा करिब रु १५ लाख लगानी उहाँले गर्नुभएको छ । अहिले वार्षिक २० वटासम्म बोका बिक्री गर्दै आएको उहाँले बताउनुभयो । एउटा बोकाको रु २० देखि ३० हजारसम्म बिक्री हुने उहाँको भनाइ छ । उहाँले 'केसी कृषि तथा पशुपालन फार्म' दर्ता गरेर सञ्चालन गर्नुभएको छ । खसी बोका उत्पादन गर्नसके बजारको कुनै समस्या भएको उहाँ बताउनुहुन्छ । कुनै पनि कामलाई सम्मान गर्नसके त्यसले जीवन जिउने कला सिकाउने केसीको भनाइ छ ।उहाँले बाख्रापालनसँगै मल प्रयोग गर्ने गरी तरकारी, गोलभेँडा खेती सुरु गर्नुभएको छ । वडा कार्यालय र गाउँपालिका कार्यालयले रु ५०/५० हजार अनुदानसमेत दिएको जनाउँदै उक्त रकमबाट खोर व्यवस्थापन तथा तारबार गरेको केसी बताउनुहुन्छ । अहिले बाख्राको सङ्ख्या बढाउनेतर्फ ध्यान केन्द्रित गरेको केसीको भनाइ छ । करिब दुई सय बाख्रा पाल्ने लक्ष्य रहेको उहाँ बताउनुहुन्छ ।

उहाँ भन्नुहुन्छ, "विदेशमा यहाँको भन्दा धेरै दुःख गर्नुपर्छ, मलाई विदेशले परिश्रमको महत्व बुझायो, गाउँको माटो चिनायो, त्यहाँ जति कमाए पनि इज्जत हुँदैन, गाउँमा परिवारसँग बस्न पाइएको छ, सञ्चो बिसञ्चो हुँदा तातोपानी तताएर दिने, खाने दिने मान्छे साथमै हुन्छ, विदेशमा कसैले हेर्दैन, अहिलेका युवाले गाउँमै केही गर्नुपर्छ, यहाँ लगानी र परिश्रम गर्ने हो भने विदेशमा भन्दा बढी कमाउन सकिन्छ, राज्यले पनि सोहीअनुसारको वातावरण तयार गरि दिनुपर्छ, बजारलाई व्यवस्थापन गर्न सके यहाँ धेरै सम्भावना देखेको छु ।"

गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
पर्यटन तथा उद्योग कार्यालय, कास्की

**फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित सूचना २०८०/०६/१५

यस कार्यालयमा मिति २०७६/०४/३० मा कास्की जिल्ला पोखरा-३१, कास्कीमा सञ्चालन गर्ने गरी पोखरा-३१, कास्की निवासी **सोम माया जलारी**को नाउँमा दर्ता भएको फर्म दर्ता नं. १५९०५/०७६/०७७ को **सानु वेगनास भ्यू प्वाइन्ट खाजा घर** नामक प्राईभेट फर्मको प्रोप्राइटरको मिति २०८०/०५/१० मा मृत्यु भएको हुँदा निजको श्रीमान श्री सानु जलारीले मिति २०८०/०६/१५ मा फर्म आफ्नो नाममा नामसारी गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदी सो फर्ममा अरु कसैको हकदाबी एवम् कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सबुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्याद भित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार प्रोप्राईटरको श्रीमान पोखरा ३१ कास्की निवासी श्री सानु जलारीको निवेदन अनुसार फर्म नामसारी भई जाने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पर्यटन तथा उद्योग कार्यालय
कास्की**

# नेशनल च्याम्पियनको उपाधि पोखराको बालोदयलाई

**पोखरापत्र संवाददाता**
पोखरा, १५ असोज

युएनडिपि नेपाल तथा नेपाल पर्यटन बोर्डको सहकार्यमा ग्लोबल ट्राभल एण्ड टुरिज्म पार्टनर नेपाल र टुरिजम रिसर्च एण्ड ट्रेनिङ इन्स्टिच्युटद्वारा काठमाडौंमा हालै सम्पन्न राष्ट्रिय पर्यटन सम्मेलनमा आयोजित विभिन्न विधासँग सम्बन्धित प्रतियोगितामा पोखरा-१७, विरौटामा अवस्थित बालोदय माध्यमिक विद्यालयले नेशनल च्याम्पियनको उपाधि हात पारेको छ ।

उक्त सम्मेलनमा साँस्कृतिक नृत्य प्रतियोगिता, पर्यटन सम्बन्धी रिसर्च रिपोर्ट र पावर पोइन्ट प्रेजेन्टेसन कम्पिटिसन तथा ट्राभल फोटो कन्टेस्टका तीन वटै विधाहरुमा बालोदय माध्यमिक विद्यालयका विद्यार्थीहरुले सर्वोत्कृष्ट प्रस्तुति गरी न्याशनल च्याम्पियन बन्न सफल भएका हुन । साँस्कृतिक नृत्य प्रतियोगितामा कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरु प्रेणा गुरुङ, स्नेहा पुन, एन्जिला गुरुङ, दक्षिणा बराल, नवराज गुरुङ र विजय चालिसेले प्रथम स्थान हासिल गर्न सफल भएका छन भने पर्यटन थिममा तयार पारिएको रिसर्च रिपोर्ट र पावरपोइन्ट प्रेजेन्टेशन कम्पिटिशन कक्षा ११ का विद्यार्थीद्वय दक्षिणा बराल र विजय चालिसेले जितेका छन । प्रतियोगिताका विजयी विद्यार्थीहरू एवम् विद्यालयलाई नगद पुरस्कार, ट्रफी, मेडल तथा प्रमाणपत्र प्रदान गरिएको छ । पावरपोइन्ट प्रेजेन्टेशन कम्पिटिशनकी विजयी छात्रा दक्षिणा बराल आगामी नोभेम्बर महिनामा दुबईमा हुने अन्तर्राष्ट्रिय प्रतियोगिताका लागि छानिएकी छन । यसै गरी कार्यक्रमको अर्को विधा जिटिटिपि ट्राभल फोटो कन्टेस्टमा कक्षा १२ मा अध्ययनरत छात्रा मेनुका विकले प्रथम पुरस्कार एक सय अमेरिकी डलर सहित मेडल र प्रमाणपत्र प्राप्त गरेकी छन । उनले खिचेको फोटो अन्तर्राष्ट्रिय प्रतियोगिताका लागि समेत छनौट भएको छ ।

कार्यक्रममा अन्तर्राष्ट्रिय टुरिजम स्पेसलिष्ट लिजा चोग्याललाई विशेष सल्लाहाकारमा चयन गरिएको थियो भने पर्यटन अभियन्ता सचिन न्यौपाने तथा सिर्जना ओलीलाई टुरिजम युथ एम्बेस्टर, गत वर्षको कन्फरेन्सकी विजेता अर्पना भण्डारी र गायिका रोजा फुयाललाई टुरिजम स्टुडेन्ट एम्बेस्टर घोषणा गरिएको थियो । साथै मधेस प्रदेशको कला, सँस्कृति र पर्यावरणको क्षेत्रमा योगदान गर्नुभएका देव नारायण मण्डललाई सम्मान गर्दै गैडाकोटको विजय सामुदायिक शिक्षा सदनको टुरिजम क्लबलाई वेस्ट टुरिजम क्लब र गह्रौघरको ग्लोबल पाठशालाको टुरिजम क्लबलाई एक्टिभ टुरिजम क्लब अवार्डबाट सम्मान गरिएको थियो ।

रसियन कल्चर सेन्टर, काठमाडौंमा संचालित उक्त सम्मेलनमा प्रमुख अतिथि पुर्व पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयका सचिव केदार बहादुर अधिकारीले समृद्धीको आधार पर्यटन हुन सक्ने विषयलाई थप स्पष्ट पारेका थिए । त्यसै गरी टुरिजम बोर्डका निर्देशक मणिराम लामिछानेले पर्यटन सचेतना र पर्यटनको महत्वका बारेमा प्रकाश पारेका थिए भने टिआरटिआईका अध्यक्ष मदन कुमार बरालले पर्यटन क्लबको महत्वको विषयमा चर्चा गर्दै गत वर्ष टुरिजम बोर्ड, युएनडिपि र एसटिएलआरपिको सहयोगमा देशभरमा १८ वटा टुरिजम क्लब गठन गरेको एवम् यो वर्ष १०० वटा नेशनल सस्टेनेवल टुरिजम क्लबको गठन गरिरहेको जानकारी गराएका थिए ।

# पुल बनेपछि लौरोले पानी नापेर खोला तर्नुपर्ने बाध्यता हट्यो

**पोखरापत्र संवाददाता**
गोरखा, १५ असोज

हरेक वर्ष बर्खा लागेपछि गोरखाको सहिद लखन गाउँपालिका-५ र गोरखा नगरपालिका-८ का बासिन्दालाई ज्यान नै जोखिममा राखेर लुदीखोला वारपार गर्नुपर्ने बाध्यता वर्षौंदेखिको हो । खोलामा झोलुङ्गे पुलसमेत नहुँदा बर्खा लागेपछि त्यस क्षेत्रका बासिन्दालाई वारिपारि गर्नुपरे लौरोको साहायताले खोलाको पानी नापेर वारपार गर्नुपर्ने बाध्यता त सामान्यजस्तै थियो । तर गएको वर्षदेखि लुदीखोलामा पक्की पुल बनेपछि भने वर्षौंदेखि कठिनाइ भोग्दै आएका त्यहाँका बासिन्दालाई अहिले सजिलो भएको छ । गण्डकी प्रदेश सरकारअन्तर्गत पूर्वाधार विकास कार्यालय लमजुङ र विश्वा बैंकको आर्थिक सहयोगमा लुदीखोलामा पक्की पुल निर्माण भएपछि ज्यान नै जोखिम मोलेर खोला ओहोरदोहोर गर्नुपर्ने बाध्यता अब अन्त्य भएको हो । "बर्खामा नदी र खोलामा यसै पनि पानी सतह बढी हुने भएकाले जोखिम हुने नै भयो, गोरखा -८, लक्ष्मीबजारका ६९ वर्षका हर्कबहादुर थापाले भन्नुभयो, "त्यसमाथि लुदीखोलामा त बर्खा लागेपछि वारपारसम्म भेल आउने भएकाले सानो आँटले खोला तर्न सकिँदैन थियो, अहिले पुल बनेपछि धेरै सजिलो भएको छ ।"

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक श्रद्धाञ्जली



**जन्मः**
**वि. स. २००६/११/०२ गते**

**स्वर्गारोहणः**
**वि.स. २०८०/०६/०५ गते**

**स्वः थिरबहादुर भुजेल**

हाम्रा आदरणीय मित्र सुरज भुजेलका पुजनीय पिता **थिरबहादुर भुजेल** को ७४ वर्षको उमेरमा निधन भएकोमा हामी मर्माहत एवं स्तब्ध भएका छौं । उहाँको निधन भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति भगवानले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

**साथीहरूः**
**नारायण खत्री**
**राबत लामा (गोम्जा)**
**सुमनकुमार श्रेष्ठ**

**रिन्छे छिरिङ गुरुङ**
**सुधचन्द्र गुरुङ**
**विष्णु कुँवर**

**सुमन श्रेष्ठ**
**गोपिकृष्ण अधिकारी**
**कमल थापा**

**तथा समस्त साथीहरू
न्यूरोड, पोखरा**